# प्रदेश सरकार
# प्रदेश नं. ५
# सामाजिक विकास मन्त्रालय
## बुटवल, नेपाल

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
प्रदेश नं. ५
बुटवल, नेपाल

पत्र सख्या : ०७५/७६
चलानी नं.:

**आशय–पत्र माग गरिएको सूचना**

पहिलो पटक प्रकाशित मिति : २०७५।११।०१

यस मन्त्रालयको चालु आ.व.२०७५।७६ को स्वीकृत वार्षिक कार्यक्रम तथा बजेट अनुसार **"प्रदेश विश्वविद्यालय स्थापनाका लागि सम्भाव्यता अध्ययन"** गर्नुपर्ने भएकोले सो कार्य गर्न इच्छुक तपसिल बमोजिमका योग्यता पुगेका फर्म, संस्था वा कम्पनीहरुबाट देहायका कागजातहरु सहित रीतपूर्वक आशय पत्र (Expression of Interest) पेश गर्न सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३० बमोजिम यो सूचना प्रकाशित गरिएको छ।

**क) कामको सामान्य विवरण**

स्वीकृत विस्तृत कार्यविधि (ToR) बमोजिम प्रदेश नं. ५ मा प्रदेश विश्वविद्यालय स्थापनाका लागि सम्भाव्यता अध्ययन गरी निम्न बमोजिमका विषयहरुमा प्रतिवेदन तयार गरी यस मन्त्रालयमा पेश गर्ने।

विश्वविद्यालयको दृष्टिकोण (Vision), Mission, Goal, Objectives, कार्यक्रम र कार्यविधि, शिक्षण विधि र सिकाइ प्रकृया, अनुसन्धान Extension Program, विश्वविद्यालयको संगठनात्मक संरचना (अख्तियार तथा उत्तरदायित्व समेत), विश्वविद्यालयको शासकीय स्वरुप, जनशक्तिको वर्गिकरण छनौट तथा बढुवा, प्रक्षेपण तथा सेवा, शर्त, सुविधा, परीक्षा, मूल्यांकन तथा प्रमाणिकरण, वित्त व्यवस्थापन, अल्पकालीन तथा दिर्घकालीन आर्थिक श्रोत, संकाय तथा अध्ययन संस्थानको संरचना (अख्तियार र उत्तरदायित्व), विश्वविद्यालय स्थापना प्रकृया र मोडल, विश्वविद्यालयको केन्द्रीय क्याम्पस तथा अन्य क्याम्पसको लागि आवश्यक पूर्वाधार तथा मूल्यांकन सूचक, संकाय अनुसार पाठ्यक्रमको ढाँचा, पाठ्यक्रम तयार गर्ने विधि र प्रकृया, प्रदेश उच्च शिक्षा नीतिको मस्यौदा तयार गर्ने, संघीय सरकारको मातहतमा रहेका विभिन्न विश्वविद्यालयबाट सम्बन्धन प्राप्त सामुदायिक तथा आंगिक क्याम्पसहरुलाई प्रदेश विश्वविद्यालयमा समाहित गर्दा अपनाउनु पर्ने प्रकृया, विद्यार्थी भर्ना तथा छात्रबृत्ति नीति, क्याम्पस स्वायत्तता सम्बन्धी व्यवस्था, प्राविधिक विषयहरु अध्यापनका लागि गरिनु पर्ने व्यवस्था, अन्य विश्वविद्यालयहरुसँगको सम्बन्ध, विश्वविद्यालय स्थापना र सञ्चालनका लागि ५ वर्षे संक्षिप्त योजना, स्थानीय सरकार र केन्द्रीय सरकारसंगको सम्बन्ध।

**ख) आवश्यक योग्यता**

१) फर्म, संस्था वा कम्पनी विधिवत रुपमा दर्ता भई कानुनी मान्यता प्राप्त गरेको हुनुपर्नेछ।

२) आवेदक फर्म, संस्था वा कम्पनीसँग शैक्षिक अनुसन्धान, योजना तथा उच्च शिक्षा क्षेत्रमा कम्तीमा ५ वर्षको अनुभव भएको हुनुपर्नेछ।

३) आवेदक फर्म, संस्था वा कम्पनीसँग उक्त कार्य गर्नका लागि कम्तीमा ७ जना तपसिल बमोजिमको जनशक्ति हुनुपर्नेछ।

तपसिल:

१. टिम लिडर (१ जना): उच्च शिक्षण संस्थाको कम्तीमा १० वर्ष नेतृत्वदायी भूमिका निर्वाह गरेको, न्यूनतम शैक्षिक योग्यता पि.एच.डी उपाधी हासिल गरेको हुनुपर्ने।

२. सदस्यहरु (५ जना): कम्तीमा ५ वर्ष उच्च शिक्षा शिक्षण संस्थामा पदाधिकारी वा प्राध्यापक वा संचालक पदमा रहेको, स्नातकोत्तर उर्तिण गरेको हुनुपर्ने।

३. कम्प्युटर अपरेटर (१ जना)

**ग) आशय पत्र साथ पेश हुनुपर्ने कागजातहरु**

१) आशय पत्र सम्बन्धि आवेदन

२) फर्म, संस्था वा कम्पनी दर्ता तथा नविकरण प्रमाणपत्र

३) फर्म, संस्था वा कम्पनीको VAT/PAN दर्ता तथा कर चुक्ता प्रमाण पत्र

४) संस्थाको हकमा विधान र कम्पनीको हकमा प्रबन्ध पत्र र नियमावली

६) दुई वा दुईभन्दा बढी फर्म, संस्था वा कम्पनीले समूह, संगठन वा संयुक्त उपक्रमको रुपमा परामर्श सेवा दिने भए त्यस्ता फर्म वा कम्पनीको नाम, ठेगाना तथा माथि उल्लेखित विवरण साथै मुख्य भई काम गर्ने फर्म, संस्था वा कम्पनीको नाम

७) विगत ७ वर्षमा सम्पन्न गरेको समान प्रकृतिको काम र स्थानको विवरण

८) प्रस्तावित कार्यमा संलग्न हुने प्रमुख जनशक्तिको वैयक्तित विवरण तथा भौतिक सम्पत्ति विवरण

९) प्रस्तावित कार्य सम्पन्न गर्न लाग्ने अनुमानित समय

१०) सम्पर्क व्यक्ति र ठेगाना (फोन र इमेल समेत)

घ) यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिनभित्र कार्यालय समय भित्र सामाजिक विकास मन्त्रालयमा रीतपूर्वक आशय पत्र दर्ता गर्नुपर्नेछ। ढिला गरी प्राप्त भएका र रीत नपुगेका आशय पत्र उपर कुनै पनि कारवाही गरिनेछैन।

ङ) समयसीमा भित्र रितपूर्वक दर्ता हुन आएका आशय पत्रदाताहरुमध्ये संक्षिप्त सूचिमा परेका फर्म, संस्था वा कम्पनीहरुबाट सम्भाव्यता अध्ययनका लागि आर्थिक र प्राविधिक प्रस्ताव माग गरी संस्था छनौट गरिनेछ।

च) आशय पत्र सम्बन्धि अन्य कुराहरु बुझ्नु परेमा कार्यालय समयमा उच्च शिक्षा महाशाखाको टेलिफोन नं. ०७१-५४००५३ मा सम्पर्क गर्न सकिनेछ।

उप सचिव